**चौथो दक्षिण एशियाली सरसफाइ सम्मेलन**

(SACOSAN IV)

**"सरसफाइले जीवनस्तर सुधार गर्छ"**

**अप्रिल ४-७, २०११**

**कोलम्बो, श्रीलंका**

# कोलम्बो घोषणापत्र

हामी अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका मन्त्रीहरू, वरिष्ठ सरकारी अधिकारीहरू, जनस्तरीय कार्यकर्ताहरू, समुदायका सदस्यहरू, विषयगत विज्ञहरू, विद्वत् वर्ग, नागरिक समाज, गैरसरकारी संस्था र विकास साझेदारहरू, निजी क्षेत्र र विद्यार्थीहरूको सहभागीता रहेको २०११ अप्रिल ४ देखि ७ (२०६७ चैत्र २१ देखि २४) सम्म श्रीलंकाको राजधानी कोलम्बोमा आयोजित चौथो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN IV) को हामी प्रतिनिधिमण्डलका प्रमुखहरू

१. दक्षिण एशियामा सरसफाइ र स्वास्थ्यको स्थिति एकदम नाजुक अवस्थामा रहेको स्वीकार गर्छौं । असुरक्षित सरसफाइमा निर्भर वा खुला ठाउँमा दिसा पिसाव गर्ने मानिसहरूको संख्या अत्यन्तै धेरै रहेको छ । पछिल्लो सरसफाइ सम्मेलन पछि सरसफाइको अभावका कारण दक्षिण एशिया क्षेत्रमा मात्रै करिब ७५०,००० बालबालिकाहरूले झाडापखालाका कारण अकालमै ज्यान गुमाइसकेका छन् ।

२. समुदाय सशक्तिकरण र विकासको प्रभावकारी प्रवेश विन्दुको रूपमा सरसफाइको सम्भाव्यतालाई पहिचान गर्छौं ।

३. दिर्घकालीन सरसफाइका लागि पाँच वर्षे विश्वव्यापी अभियानलाई समर्थन गर्न र यो भयावह स्थिति सामना गर्न राजनैतिक गतिशिलता कायम राख्न साकोसान प्रक्रियाको महत्वलाई जोड दिन्छौं । ढाका (अक्टोबर २००३), इस्लामाबाद (सेप्टेम्बर २००६) र नयाँ दिल्ली (नोभेम्बर २००८)मा तयार भएका घोषणा पत्रहरूमा उल्लेखित उचित सरसफाइ र स्वास्थ्यका सिद्धान्तहरूलाई पुनः दोहोऱ्याउँछौं ।

४. दिर्घकालीन सरसफाइ र स्वास्थ्य सेवा पुऱ्याउने नीति र कार्यक्रमहरू मार्फत दक्षिण एशियाका सबै जनतामा लगानी गर्ने हाम्रो संयुक्त प्रतिबद्धताहरूलाई दोहऱ्याउँछौं ।

**हाम्रा प्रतिवद्धताहरु दोहोऱ्याउनुका साथै हामी सर्वसम्मतरुपले सहमत र प्रतिबद्ध छौं :**

१. संयुक्त राष्ट्रसंघको प्रस्तावनाले सरसफाइलाई अधिकारको रूपमा मान्यता दिएको सन्दर्भमा हामी सुधारोन्मुख रूपमा काम गर्दै यसलाई हाम्रा कार्यक्रमहरू र योजनाहरूमा समावेश गर्न तथा अन्तमा नीति नियममा समावेश गर्न ।

२. पहिलेका सम्पूर्ण साकोसान प्रतिबद्धताहरू पुरा गर्न समयसीमासहितको योजना तर्जुमा गर्न र आवश्यक श्रोत विनियोजन र परिचालन गर्न ।

३. जलवायु परिवर्तन र प्रकोप सम्बोधन गर्न र वातावरण संरक्षणका चुनौतिलाई मध्यनजर गर्दै शहरी र ग्रामीण क्षेत्रका अति गरिव र सिमान्तकृत वर्गको सही पहिचान गरी अति आवश्यकहरूको लागि लक्षित पारदर्शी लगानीसहितको विषय केन्द्रित समानुपातिक र समावेशी सरसफाइ र स्वास्थ्य कार्यक्रमहरूको ढाँचा बनाई लागु गर्न ।

४. हरेक शैक्षिक तहमा रहेका नयाँ र विद्यमान विद्यालयहरूमा बालमैत्री शौचालय, महिनावारी हुँदाखेरी सरसफाइ व्यवस्थापन गर्ने सुविधा सहितको छात्र र छात्राहरूका लागि छुट्टै शौचालयको सुनिश्चितता गर्ने लक्ष्यका साथ विद्यालयहरूमा पानी, सरसफाइ र स्वास्थ्यको विषय प्रबर्द्धन गर्न ।

५. राष्ट्रिय र स्थानीय तहमा जिम्मेवारी लिएका वित्तिय, स्वास्थ्य, जनस्वास्थ्य, वातावरण, खानेपानी, शिक्षा, लैंगिक क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरू र स्थानीय सरकार सहित समाबेश हुने गरी सरसफाइ र स्वास्थ्य संयोजनको जिम्मेवारी सहितको एक राष्ट्रिय निकाय गठन गर्न ।

६. सरसफाइ र स्वास्थ्य कार्यक्रमहरूका लागि सार्वजनिक क्षेत्र केन्द्रीत बजेट विनियोजन स्थापना गर्न ।

७. सरसफाइ र स्वास्थ्य कार्यक्रमका लागि सुधारोन्मुख रूपमा बजेट विनियोजन बृद्धि गर्न ।

८. अति गरीबको संरक्षण गर्दै समुदायको सशक्तिकरण हुने नीति तथा कार्यक्रममा लगानी गर्न र आफ्नो सरसफाइ समस्या समाधानमा आफ्नै नियन्त्रण सुनिश्चित गर्न र सरसफाइमा जनताको आफ्नै योगदानको महत्व पहिचान गर्न ।

९. घरधुरी र समुदाय सहित हरेक तहको नतिजाहरू र प्रक्रियाहरूको विवरण र मापन गर्नका लागि सहमत साझा सुचकहरू प्रयोग गरेर स्पष्ट दायित्व र जिम्मेवारीको व्याख्याका सहित समन्वयात्मक अनुगमन संयन्त्र विकास गर्न ।

१०. विद्यालयहरूमा खानेपानी र सरसफाइ, हात धुने र महिनावारी सरसफाइ जस्ता विषयमा उच्च प्राथमिकताका निश्चित सुचकहरू अनुगमन संयन्त्रहरूमा समाबेश गर्न ।

११. विशेष गरी अति सिमान्तकृत क्षेत्रहरू र अति जोखिममा रहेका समुहका लागि समुदायस्तरमा कार्यान्वयन गर्ने सबै सरसफाइ र स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा तहमै सहभागितामुलक, समावेशी र सामाजिक उत्तरदायित्वको संरचना अपनाउन ।

१२. उच्च शिक्षा, पाठ्यक्रम विकास, अनुसन्धान र विकास, ज्ञान आदान प्रदान र साझेदारी विकासमा लगानी सहितको सरसफाई र स्वास्थ्य कार्यान्वयनका लागि क्षमता अभिवृद्धि र सशक्तिकरण गर्न ।

१३. भविष्यमा हुने सबै छलफल कार्यक्रमहरूमा अर्थ, स्वास्थ्य, शिक्षा र सम्बन्धित मन्त्रालयहरूको सहभागिताको लागि आमन्त्रणा गर्दै २ वर्ष पछि नेपालमा भेट्ने समयसम्म यी र अरू सबै साकोसान प्रतिबद्धताहरूको विवरण पेश गर्ने वाचाका साथ साकोसान प्रक्रियाको प्रभावको सुनिश्चितता कायम राख्न ।

१४. तेस्रो साकोसानमा तयार पारिएको दिल्ली मार्ग चित्रलाई अनुगमन र कार्यान्वयन गर्न सहयोग गर्ने र प्रगति समीक्षाका लागि प्रथम साकोसानमा गठन भएको अन्तरदेशीय कार्य समुहको बार्षिक बैठक आयोजना गर्न ।

**हामी आह्वान गर्दछौं,**

हाम्रो प्रयासहरूमा सहयोग बढाउन, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका लागि आर्थिक प्राविधिक सहयोग पुर्‍याउन र दक्षिण एशियामा सरसफाइ र स्वास्थ्यको लागि सहयोग संयोजन कार्यमा सुधार गर्न विकास बैंकहरू, बाह्य सहयोग निकायहरू र निजी क्षेत्रहरूलाई आह्वान गर्दछौं ।

साकोसानलाई कडिको रूपमा ग्रहण गर्न तथा सरसफाइ र स्वास्थ्यलाई आफ्ना गतिविधिहरूमा समाबेश गर्न सार्कलाई हामी आह्वान गर्दछौं ।

२०१५ पछिको नयाँ पिढिको विकास लक्ष्य तर्जुमा गर्दा दक्षिण एसियाको क्षेत्रगत वास्तविकतालाई मध्यनजर गर्दै विश्व स्वास्थ्य संगठन र युनिसेफको संयुक्त अनुगमन कार्यक्रमको संशोधनलाई मनन् गरी दक्षिण एशियामा समुदाय स्तरीय प्रतिफल तथा उच्च संख्यामा रहेका सामुदायिक र सामुहिक शौचालयहरूको अनुगमन गर्नुपर्ने आवश्यक्तालाई ध्यान दिन संयुक्त राष्ट्रसंघलाई आह्वान गर्दछौं ।

चौथो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN IV) को सफल आयोजना र आतिथ्य एवं सत्कारका लागि हामी श्रीलंका सरकार र श्रीलंकाका जनतालाई धन्यवादका साथ हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

**कोलम्बो, श्रीलंका, ६ अप्रिल २०११**

Signatories

Hon'ble Jarullah Mansoori,
Minister for Rural Rehabilitation and Development,
Government of the Islamic Republic of Afghanistan

Syed Mahboob Hasan,
Additional Secretary, Ministry of Local Government Rural Development and Cooperatives,
Government of the People's Republic of Bangladesh

Mr. Ichharam Dulal,
Specialist, Ministry of Works and Human Settlement,
Royal Government of Bhutan

Hon'ble Shri. Vilasrao Deshmukh,
Minister for Rural Development and Panchayat Raj Institutions,
Government of the Republic of India

Hon'ble Mohamed Aslam,
Minister of Housing and Environment,
Government of the Republic of Maldives

Hon'ble Top Bahadur Rayamajhi,
Minister for Physical Planning and Work,
Government of Nepal

Hon'ble Engr. Shaukat Ullah,
Minister for States and Frontier Regions,
Government of the Islamic Republic of Pakistan

Hon'ble Dinesh Gunawardena,
Minister for Water Supply and Drainage,
Government of the Democratic Socialist Republic of Sri Lanka